# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७, ललितपुर, चैत्र २ गते, २०८० साल, अतिरिक्ताङ्क ११


## भाग - २

# ललितपुर महानगरपालिका

## स्थानीय राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय राजश्व परामर्श समितिको काम,

कर्तव्य र अधिकारलाई थप स्पष्ट गरी समितिको भूमिकालाई प्रभावकारी र परिणाममूखी बनाउन वाञ्छनीय भएकोले,

ललितपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ललितपुर महानगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "स्थानीय राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि ललितपुर महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ललितपुर महानगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समिति सम्झनु पर्छ ।

(ङ) “संयोजक” भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

(च) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(छ) “सदस्य सचिव” भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्छ ।

परिच्छेद -२

## राजश्व परामर्श समितिको कार्यक्षेत्र

३. **समितिको कार्यक्षेत्र** : (१) ऐनको दफा ६५ उपदफा (२) मा उल्लेखित कामका अतिरिक्त समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) आय ठेक्का बन्दोबस्त तथा राजश्व असुलीको लागि अपनाइएका विधिहरुको अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) राजश्व असुलीमा देखिएका समस्याको पहिचान गरी समस्या समाधानको लागि कार्यपालिकालाई सुझाव दिने,

(ग) राजश्व प्रशासनमा काम गर्ने जनशक्तिको क्षमता विकास सम्बन्धी योजना तयार गर्ने,

(घ) राजश्व प्रशासनमा सूचना प्रविधिको उपयोग सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने,

(ङ) राजश्व परिचालनको नियमित अनुगमन तथा लक्ष्य अनुसारको राजश्व आम्दानी भए नभएको समीक्षा गरी कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिने,

(च) राजश्व अभिवृद्धिका लागि नीतिगत, कानूनी र संरचनागत सुधार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने,

(छ) राजश्व सुधार सम्बन्धी तयार गरिएको कार्य योजना कार्यान्वयनमा पहल गर्ने,

(ज) करदाता शिक्षा अभियान सञ्चालन गर्ने गराउने,

(झ) उत्कृष्ट करदाताको पहिचान गरी पुरस्कृत गर्ने,

(ञ) प्रत्येक करका क्षेत्रमा रहेका सम्भावित करदाता र सम्भाव्य कर असुलीको विवरण अद्यावधिक गर्ने, गराउने,

(ट) करको दायरामा नआएका करदाताहरुको अभिलेख अद्यावधिक गरी कर असुलीको लागि ताकेता गर्ने, गराउने,

(ठ) राजश्व परिचालनका लागि समन्वय र साझेदारीका सम्भावित क्षेत्र पहिचान गरी कार्यपालिकालाई सिफारिश गर्ने,

(ड) राजश्वको प्रतिवेदन प्रणालीको प्रभावकारिताका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाउने,

(ढ) कार्यपालिकाले तोकेका र समितिले उपयुक्त ठहऱ्याएका अन्य कार्य गर्ने ।

## परिच्छेद -३

## समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

४. **संयोजकको काम, कर्तव्य र अधिकारः** संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकको मिति र समय तोक्ने,

(ग) बैठकको सम्भावित कार्यसूची तय गर्ने,

(घ) राजश्व परिचालनसँग सम्बन्धित अन्तर निकायगत समन्वय गर्ने,

(ङ) समितिको प्रभावकारी कार्य सम्पादनको नेतृत्व गर्ने,

(च) सदस्यहरुको जिम्मेवारी बाँडफाँड गर्ने,

(छ) समितिले तोकेका अन्य कार्य गर्ने ।

५. **सदस्यको काम, कर्तव्य र अधिकार**: सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समितिको बैठकमा उपस्थित भै आफ्नो सुझाव र धारणा राख्ने,

(ख) आफूलाई तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्ने,

(ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

६. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार**: सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समितिको सचिव भई काम गर्ने,

(ख) संयोजकसँग समन्वय गरी बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने,

(घ) नगरपालिकाको राजश्व सुधारका लागि योजना तयारी र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

(ङ) राजश्वका आधार, दर र दायराको विश्लेषण गरी आय अनुमान तयार गर्न समितिलाई सहयोग गर्ने,

(च) समितिलाई आर्थिक विधयेकको मस्यौदा तयार गर्न सहयोग गर्ने,

(छ) समितिको वार्षिक प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने,

(ज) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(झ) समितिले तोकेका अन्य कार्य गर्ने ।

परिच्छेद -४

## समितिको बैठक सम्बन्धी कार्यविधि

७. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका सदस्य मध्ये कम्तिमा एकाउन्न प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(२) बैठकको अध्यक्षता संयोजकले गर्नेछन् । निजको अनुपस्थितिमा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिकाका सदस्य मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(३) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मति हुन नसकेमा समितिका कुल सदस्य संख्याको बहुमतबाट गरेको निर्णय मान्य हुनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नुपर्नेछ ।

८. **समितिको बैठक र कार्यसूची:** (१) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक प्रत्येक आर्थिक बर्षमा पौष १५ गतेभित्र र बैशाख १५ गतेभित्र गरी कम्तिमा दुई पटक बस्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पौष १५ गते भित्र बस्ने बैठकको सम्भावित कार्यसूची देहाय बमोजिम हुनेछ:

(क) राजश्व प्रशासन सुधारका लागि स्वीकृत योजना तथा वार्षिक कार्यक्रम अनुरुपका कृयाकलापहरु कार्यान्वयन अवस्थाको समीक्षा गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) अघिल्लो आर्थिक वर्ष र चालु आर्थिक वर्षको लक्ष्य अनुसार राजस्व असुली भए नभएको समीक्षा गर्ने,

(ग) आगामी आर्थिक वर्षको आयको प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने,

(घ) समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी कार्यपालिकामा सुझाव पेश गर्ने,

(ङ) राजश्व प्रशासनको नियमित अनुगमनको नतिजा उपर छलफल गरी कार्यपालिकामा सुझाव पेश गर्ने,

(च) समितिले आवश्यक ठानेका अन्य विषयमा छलफल गर्ने ।

(४) उपदफा (२) बमोजिम बैशाख १५ गतेभित्र बस्ने बैठकको सम्भावित कार्यसूची देहाय बमोजिम हुनेछः

(क) चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको राजश्व सङ्कलनको समीक्षा गरी बाँकी अवधिमा उठ्न सक्ने राजश्वको संशोधित अनुमान तयार गर्ने,

(ख) आगामी आर्थिक वर्षको लागि नगरपालिकाले लगाउने कर र गैर राजस्वका दर निर्धारण गर्ने,

(ग) कर र गैर करका दरमा हुने परिवर्तन र राजश्वको दायरा विश्लेषण गरी आगामी आर्थिक वर्षको आन्तरिक आय अनुमान तयार गर्ने,

(घ) आगामी आर्थिक वर्षको लागि प्राप्त बजेट सीमा, गत आर्थिक वर्षहरुको यथार्थ आय र चालु आर्थिक वर्षको संशोधित अनुमानका आधारमा आगामी आर्थिक वर्षका लागि आय अनुमान तयार गर्ने,

(ङ) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय सङ्कलनको न्यूनत्तम ठेक्का अङ्क अनुमान गर्ने,

(च) नगरपालिकाको राजश्व परिचालन नीति तर्जुमा तथा पुनरावलोकन गर्ने,

(छ) आगामी आर्थिक वर्षका लागि राजश्व प्रशासन सुधारको कृयाकलाप निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक श्रोतको अनुमान तयार गर्ने,

(ज) आगामी आर्थिक वर्षको राजश्व नीति एवं कर तथा गैर करका दर परिमार्जन सम्बन्धी विषयमा सरोकारवालाहरुसँग परामर्श गर्ने,

(झ) आगामी आर्थिक वर्षको लागि आर्थिक ऐनको मस्यौदा तयार गर्ने,

(ञ) समितिले आवश्यक देखेका अन्य विषयमा छलफल गर्ने ।

(ट) उल्लिखित कृयाकलापहरुको आधारमा समितिको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने ।

परिच्छेद - ५

## दर निर्धारण, आय प्रक्षेपण तथा आवधिक समीक्षा गर्ने

९. **दर निर्धारण गर्दा ध्यान दिनुपर्नेः** (१) समितिले करका दर निर्धारणका लागि सिफारिश गर्दा करदाताको कर तिर्न सक्ने क्षमतालाई आधार मान्नु पर्नेछ ।

(२) गैर करका दर निर्धारणका लागि सिफारिश गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधार मान्नु पर्नेछ ।

(३) समितिले उपदफा (१) र (२) बमोजिम कर र गैर करको दर सिफारिश गर्दा छिमेकी स्थानीय तहले निर्धारण गरेको दररेटलाई समेत ध्यान दिनुपर्नेछ ।

(४) कर तथा गैर करका दरहरु पुनरावलोकन गर्दा विगतको दरमा एकै पटक ठूलो अनुपातमा वृद्धि नहुनेगरी सिफारिश गर्नुपर्नेछ ।

१०. **आय प्रक्षेपण गर्ने:** (१) समितिले दफा ९ बमोजिम निर्धारण गरेको कर तथा गैर करको दर तथा उपलब्ध सूचना एवं तथ्याङ्क अनुरुप कर तथा गैर करको आधार यकिन गरी आगामी आर्थिक वर्षको आन्तरिक आयको प्रक्षेपण गर्नुपर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड र प्राकृतिक श्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी रकमको अनुमान गर्दा प्राप्त भएको बजेट सीमालाई आधार मान्नु पर्नेछ ।

(३) ऋणबाट प्राप्त हुने आयको सम्बन्धमा सम्बन्धित पक्षसँग भएको सम्झौतालाई आधार मान्नु पर्नेछ ।

(४) समितिले यस दफा बमोजिम आय प्रक्षेपण गर्दा जनसहभागिता र अन्तर स्थानीय तह सहयोग स्वरुप प्राप्त हुने रकमको समेत अनुमान गर्नुपर्नेछ ।

(५) राजश्व प्रक्षेपण गर्दा अवलम्बन गर्न सकिने विधि अनुसूची -१ मा तोकिए बमोजिम हुनेछ ।

(६) समितिले आय प्रक्षेपणको लागि महालेखा नियन्त्रक कार्यालयले समय-समयमा तोकिदिए बमोजिमको एकीकृत आर्थिक सङ्केत, वर्गीकरण र व्याख्या अनुरुपको अनुसूची -२ बमोजिमको ढाँचा प्रयोग गर्नुपर्नेछ ।

११. **आयको आवधिक समीक्षा गर्नुपर्नेः** (१) समितिले कार्यपालिकाको त्रैमासिक र वार्षिक प्रगति समीक्षा बैठकमा आयको वार्षिक तथा त्रैमासिक लक्ष्य र यथार्थ प्रगति विवरण तयार गरी पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रगति विवरणमा राजश्व नीति, सुधारमा कृयाकलाप, लक्ष्य अनुसार राजश्व परिचालन भए नभएको र राजश्व परिचालनमा देखिएका समस्या एवं समाधानका उपायहरु समेत समावेश गर्नुपर्नेछ ।

१२. **उपसमिति वा कार्यदल गठन गर्न सकिनेः** (१) समितिले आफ्नो काममा सहयोग पुग्ने गरी आवश्यकता अनुसार समितिका सदस्यको संयोजकत्वमा सम्बन्धित विषय क्षेत्रका विज्ञ समेत

समावेश भएको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दा कै बखत तोकिदिनु पर्नेछ ।

(३) यस दफा बमोजिम गठन हुने उपसमिति वा कार्यदलका सदस्यलाई कुनै किसिमको सेवा सुविधा उपलब्ध गराउनु पर्ने अवस्थामा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

परिच्छेद -६

## विविध

१३. **समितिको प्रतिवेदनः** (१) समितिले आफुले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची -३ मा तोकिए बमोजिम हुनेछ ।

१४. **सचिवालय सम्बन्धी व्यवस्था**ः (१) राजश्व महाशाखा, शाखा, उपशाखा वा राजश्व सम्बन्धी काम गर्न तोकिएको एकाइले समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

(२) सचिवालयले समितिको निर्णय पुस्तिका सुरक्षित रुपमा राख्ने तथा यस कार्यविधि बमोजिम तयार गरिने प्रतिवेदन एवं राजश्वसँग सम्बन्धित सूचना र तथ्याङ्कको व्यवस्थित अभिलेख राख्नु पर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन**: संयोजकले आफुलाई प्राप्त अधिकार समितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

१६. **बैठक भत्ता**: समितिका पदाधिकारीहरुले पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश कानून बमोजिम हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिमा उल्लिखित कुनै कुरामा द्विविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **खारेजी :** यस कार्यविधिमा लेखिएको विषयमा यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची- १

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

## राजश्व प्रक्षेपणका लागि अवलम्बन गरिने विधि

१. तथ्याङ्कीय आधारः करदाता संख्या X करको औसत दर X दायरामा ल्याउन सकिने प्रतिशत ।

२. विगतको आय वृद्धिको प्रवृत्तिः कम्तिमा ३ देखी ५ बर्षको औषत बार्षिक बृद्धितर निकाली अन्तिम अनुमानित आयमा सोही प्रतिशतको आधारमा बृद्धि गर्दै जाने ।

३. विनियोजित तथा त्यसपछि एकमुष्ठ (Lum Sum) बृद्धि दरः संघ र प्रदेश सकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा अन्य निकायबाट प्राप्त हुने अनुमानित रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि गर्दै जाने ।

४. सम्झौताको आधारः ऋण तथा अन्य आयको सम्झौता भएमा सोही सम्झौताको आधारमा आयको प्रक्षेपण गर्ने ।

५. अनुमानको आधारमा प्रक्षेपणः विल्कुलै नयाँ आयका श्रोतहरु भई आय अनुमानका लागि कुनै आधार उपलव्ध नभएको अवस्था प्रयोग गर्ने ।

६. शून्य प्रक्षेपणः आयको कुनै सम्भावना नभएका शिर्षकहरुमा प्रयोग गर्ने ।

अनुसूची- २
(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

## एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या अनुसार राजश्व तथा अनुदान प्राप्तिको अनुमान

### क) राजश्व तथा अनुदान प्राप्तिको अनुमान

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| **१००००** | **राजश्व तथा अनुदान** | | | | |
| **११०००** | **कर** | | | | |
| **११३००** | **सम्पत्ति कर** | | | | |
| **११३१०** | **अचल सम्पत्तिमा लाग्ने कर** | | | | |
| ११३१३ | सम्पत्ति कर | | | | |
| ११३१४ | भूमिकर/मालपोत | | | | |

| **राजश्व संकेत** | **राजश्व शीर्षक** | **आ.व.२० ../.. को यथार्थ** | **आ.व.२० ../.. को अनुमान** | **आ.व.२० ../.. को संशोधित अनुमान** | **आ.व.२० ../.. को अनुमान** |
|---|---|---|---|---|---|
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | |
| ११३२१ | घर बहाल कर | | | | |
| ११३२२ | बहाल बिटौरी कर | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | |
| **११४१०** | **मूल्य अभिवृद्धि कर** | | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | | |
| **११४२०** | **अन्तःशुल्क** | | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने मु.अ. कर | | | | |
| **११४५०** | **पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| | अटो रिक्सा, ई-रिक्सा) | | | | |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | | | |
| **११४७०** | **मनोरञ्जन तथा विज्ञापन कर** | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | |
| **११६००** | **अन्य कर** | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | |
| ११६३२ | आखेटोपहारमा लाग्ने कर (जडिबुटी, | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| | कवाडी र जिवजन्तु कर) | | | | |
| **११६९०** | **अन्य कर** | | | | |
| ११६९१ | अन्य कर | | | | |
| **१३०००** | **अनुदान** | | | | |
| **१३१००** | **द्धिपक्षीय वैदेशिक अनुदान** | | | | |
| **१३११०** | **द्धिपक्षीय वैदेशिक चालू अनुदान** | | | | |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | | |
| **१३१२०** | **द्धिपक्षीय वैदेशिक पूजीगत अनुदान** | | | | |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पूजीगत अनुदान | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | |
| १३२११ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| | प्राप्त चालु अनुदान | | | | |
| १३२१२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | |
| १३२२१ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३२२२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| **१३२३०** | **अन्य वैदेशिक चालु अनुदान** | | | | |
| १३२३१ | अन्य वैदेशिक चालु अनुदान | | | | |
| **१३२४०** | **अन्य वैदेशिक पूँजीगत अनुदान** | | | | |
| १३२४१ | अन्य वैदेशिक पूँजीगत अनुदान | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | | | | |
| १३३११ | समानीकरण अनुदान | | | | |
| १३३१२ | सशर्त अनुदान चालु | | | | |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | | |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा) | | | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| **१३४००** | **अन्य आन्तरिक अनुदान** | | | | |
| **१३४१०** | **अन्य आन्तरिक अनुदान** | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक (सडक बोर्ड नेपाल) | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान ( लागत सहभागिता) | | | | |
| **१४०००** | **अन्य राजश्व** | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | |
| **१४११०** | **व्याज** | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | |
| **१४१२०** | **लाभाँश** | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभाँश | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त बन रोयल्टी | | | | |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | |
| १४१५५ | बाँडफाँड भई प्राप्त जलश्रोत सम्बन्धी रोयल्टी | | | | |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | | | | |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| | विक्रीबाट प्राप्त हुने आय | | | | |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | | | | |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | | | |
| **१४१९०** | **अन्य शुल्क** | | | | |
| १४१९१ | पर्यटन शुल्क | | | | |
| **१४२००** | **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | | | | |
| **१४२१०** | **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | | | | |
| १४२११ | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | | | | |

| **राजश्व संकेत** | **राजश्व शीर्षक** | **आ.व.२० ../.. को यथार्थ** | **आ.व.२० ../.. को अनुमान** | **आ.व.२० ../.. को संशोधित अनुमान** | **आ.व.२० ../.. को अनुमान** |
|---|---|---|---|---|---|
| १४२१२ | सरकारी सम्पत्ति विक्रिबाट प्राप्त रकम | | | | |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्शा आदि) | | | | |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | |
| १४२१८ | विद्युत सेवा शुल्क | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, एम्बुलेन्स आदि तथा बालुवा, माटो, काठ बिक्री समेत) | | | | |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| १४२२१ | न्यायिक दस्तुर | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( बोलपत्र, फारम बिक्री) | | | | |
| **१४२४०** | **दस्तुर** | | | | |
| १४२४१ | पर्किङ्ग शुल्क | | | | |
| १४२४२ | नक्शापास दस्तुर | | | | |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | | | |
| **१४२५०** | **अन्य प्रशासनिक दस्तुर** | | | | |

| **राजश्व संकेत** | **राजश्व शीर्षक** | **आ.व.२० ../.. को यथार्थ** | **आ.व.२० ../.. को अनुमान** | **आ.व.२० ../.. को संशोधित अनुमान** | **आ.व.२० ../.. को अनुमान** |
|---|---|---|---|---|---|
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | |
| १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | | | | |
| **१४२६०** | **अन्य प्रशासनिक सेवा शुल्क** | | | | |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | | | |
| १४२६३ | जलश्रोत सम्बन्धी अन्य दस्तुर (पानी बिक्री) | | | | |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायिक वन पैदावर बिक्री बाट) | | | | |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | | | | |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | आ.व.२० ../.. को यथार्थ | आ.व.२० ../.. को अनुमान | आ.व.२० ../.. को संशोधित अनुमान | आ.व.२० ../.. को अनुमान |
|---|---|---|---|---|---|
| १४३१३ | धरौटी सदरस्याहा | | | | |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | |
| **१४५००** | **विविध राजश्व** | | | | |
| **१४५१०** | **चालु दावी तथा अन्य शुल्कहरु** | | | | |
| १४५११ | बीमा दावी प्राप्ती | | | | |
| **१४५२०** | **अन्य राजश्व** | | | | |
| १४५२९ | अन्य राजश्व | | | | |
| **१४५३०** | **पूँजीगत राजश्व** | | | | |

| **राजश्व संकेत** | **राजश्व शीर्षक** | **आ.व.२० ../.. को यथार्थ** | **आ.व.२० ../.. को अनुमान** | **आ.व.२० ../.. को संशोधित अनुमान** | **आ.व.२० ../.. को अनुमान** |
|---|---|---|---|---|---|
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | |
| **१४६१०** | **व्यवसाय कर** | | | | |
| १४६११ | व्यवसाय कर | | | | |
| **१५०००** | **विविध प्राप्ती** | | | | |
| **१५१००** | **विविध प्राप्ती** | | | | |
| **१५११०** | **विविध प्राप्ती** | | | | |
| १५१११ | बेरुजु | | | | |
| १५११२ | निकासा फिर्ता | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | |

**नोटः** अनुसूची ३ को खण्ड (ङ) र (च) को तथ्याँङ्कको आधारमा तयार हुने ।

अनुसूची- ३

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

श्री ललितपुर महानगरपालिकाको कार्यालय

**स्थानीय राजश्व परामर्श समितिको वार्षिक प्रतिवेदन**

**(क) पृष्ठभूमी:**

**(ख) राजश्वको मौजुदा अवस्थाको विश्लेषण (राजश्व आम्दानीको विगत ३ देखि ५ बर्षको प्रवृत्ति विश्लेषण समेत)**

**(ग) राजश्व नीतिहरु (प्रस्तावित)**

**(घ) करका आधारहरु (गैर कर समेत)**

| क्र.सं. | कर तथा गैर करको विद्यमान आधार | आगामी आर्थिक वर्षका लागि प्रस्तावित आधार | पुस्ट्याईं |
|---|---|---|---|
| | | | |
| | | | |

**(ङ) आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर**

| सि.नं. | कर तथा गैर करका आधार | चालु आर्थिक बर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व. को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम**

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व. को यथार्थ रकम | चालु आ.व. को संशोधित अनुमान | आगामी आ.व. को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु:**

संयोजक: .. .. .. .. .. .. .. .. .. .. .. ..

सदस्य: .. .. .. .. .. .. .. .. .. .. .. .. ..

सदस्य: .. .. .. .. .. .. .. .. .. .. .. .. ..

सदस्य: .. .. .. .. .. .. .. .. .. .. .. .. ..

सदस्य सचिव: .. .. .. .. .. .. .. .. .. .. ..

**प्रमाणीकरण मिति**
२०८०/१२/०२

**आज्ञाले**
वीरेन्द्र देव भारती
प्रमुख प्रशासकीय अधिकृत